रासी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भण्डारा, चितवन ।

रासी नगरपालिका चितवनको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

आदरणीय नगरसभा सदस्यज्यूहरू
हार्दिक अभिवादन, नमस्कार ।

यस सम्मानित १५ औं नगरसभामा रासी नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । रासी नगरपालिकाको समग्र सामाजिक आर्थिक विकासको खाका कोर्दैगर्दाको यस महत्वपूर्ण घडीमा म सर्वप्रथम देशमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र ल्याउन आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

मिति २०८१ कार्तिक महिनाको ३ गते रासी नगरपालिका नगर सभा सदस्य श्री एक बहादुर लगुनज्यूको निधन प्रति रासी नगरपालिका परिवार, नगरवासीको तर्फबाट हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं । समृद्ध रासी नगरको निर्माणको लागि स्व. नगर सभा सदस्य श्री एक बहादुर लगुनज्यूको योगदानको लागि उच्च सम्मान प्रकट गर्दछौं ।

यसका अलवा राष्ट्रियता, सामाजिक न्याय, समावेशिताप्रति प्रतिवद्ध रही न्यायपूर्ण समाजको नेतृत्व गर्नुहुने अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु । समृद्ध रासी निर्माणमा सहयोग गर्नुहुने सम्पुर्ण नगरवासीहरू प्रति आभार व्यक्त गर्दछु । नगरपालिकाका पूर्व नगरप्रमुख तथा उपप्रमुखज्यू, १३ वटै वडाका पूर्व वडाध्यक्षज्यूहरू, नगरसभा सदस्यज्यूहरू लगायत चितवन जिल्ला समन्वय समिति, वागमती प्रदेश सरकार र संघीय सरकारप्रति हालसम्म रासी नगरपालिकाले प्राप्त गरेको साथ र सहयोगप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै सम्पूर्ण दातृनिकायहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू लगायत समस्त नागरिक समाजप्रति सम्मान व्यक्त गर्दछु ।

रासीको समग्र विकास गर्ने उद्देश्यले हामीसँग भएका सबै स्रोतसाधनहरूको समुचित सदुपयोग गर्दै र पर्यास रोजगारीको सिर्जना गर्दै सम्पन्न रासी र सुखी रासीवासीको सुनौलो भविष्य कोर्न यो नीति तथा कार्यक्रम बनाएर यहाँहरू समक्ष पेश गरेको छु ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

रासी र रासीवासीको आमूल सकारात्मक रूपान्तरणका लागि अब म आ.व २०८२/०८३ लागि रासी नगरपालिकाको नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु । रासी नगरपालिकाले यो वर्ष आफ्ना नगरवासीको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्दै "रासी नगरको उपहार : स्वास्थ्यमा सुधार" नारा लाई अगाडी सार्दै

शमशेर लामिछाने
नगर प्रमुख

शशधर लामिछाने
नगर प्रमुख

नगरवासीको घरघरमा निःशुल्क एम्बुलेन्स सेवा सहित निःशुल्क विमा कार्यक्रम समेटेको छ । यो समयमा सम्पूर्ण नगरवासीको स्वास्थ्य अवस्थामा सुधार गर्दै स्वास्थ्य क्षेत्रमा ल्याउन लागेको नीति तथा कार्यक्रम यस प्रकारका रहेका छन ।

क). स्वास्थ्य सेवा तथा भण्डारा अस्पताल

स्वास्थ्य नै धन हो भन्ने मुलमन्त्रलाई आत्मसाथ गर्दै यो वर्ष स्वास्थ्य सेवा प्रदान गर्नका लागि भण्डारा अस्पताल त्यसका मातहतका स्वास्थ्य केन्द्रहरुको माध्यमबाट नगरवासीलाई निम्नानुसार सेवा प्रवाह गर्ने कुरा जानकारी गराउन चाहान्छु ।

१. नगर प्रमुख विपन्न परिवारलाई स्वास्थ्य विमा कार्यक्रम : संघ र प्रदेश सरकारले प्रवाह गर्ने लक्षित वर्ग अनुसारको स्वास्थ्यविमा सेवा बाहेक पनि पालिकामा रहनुभएका विपन्न परिवारलाई निःशुल्क स्वास्थ्य बिमा गरिनेछ । लक्षित समुहका नगरवासीको स्वास्थ्य बिमा गर्नबाट वञ्चित हुनुभएको छ भने उहाँहरुलाई स्वास्थ्य बिमा गर्नको लागि सहजीकरण गरिनेछ । स्वास्थ्य बिमालाई प्रभावकारी बनाएर सबै रासीवासीले हरेक रोगको सहज उपचार पाउने व्यवस्था गरिनेछ ।

२. निःशुल्क रगत : रासी नगरवासीलाई उपचारको क्रममा आवश्यक रगत निःशुल्क उपलव्ध गराइनेछ । चितवनको ब्लड बैकबाट बिरामी पूर्जाको आधारमा निःशुल्क रगत पाउनु भएको छ । यो कार्यक्रमलाई यस वर्षपनि निरन्तरता दिईनेछ ।

३. एक कलको भरमा निःशुल्क एम्बुलेन्स तपाईको घरमा : उपचारको लागि छिटो छरितो र विश्वासिलो मानिएको सवारी साधन हो एम्बुलेन्स। नगरवासीलाई उपचारको लागि आवातजावतमा सहजीकरण गर्ने र गराउने उद्देश्यले निःशुल्क एम्बुलेन्स व्यवस्था कार्यक्रमलाई निरन्तरता दिईनेछ । पछिल्लो समयमा एउटा मात्र एम्बुलेन्स सेवा प्रवाह भएकोमा अब दुई वटा एम्बुलेन्सले पहाडी भूभाग र तल्लो भूभागमा बसोवास गरिरहेका जनतालाई प्रभावकारि सेवा प्रवाह गरिनेछ । रासी नगरपालिकामा हाल सञ्चालित एम्बुलेन्सहरूको अवस्था र कार्यप्रक्रियाको अनुगमन गरिनेछ ।

४. जनता केयर कार्यक्रम : वृद्धअवस्था हुनु भएका आमावुवालाई लक्षित गरि घरघरमा निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । सेवा थेप गरि जनता केयर कार्यक्रमको माध्यमबाट स्वास्थ्यकर्मीको टोली सहित घरमै गई वृद्ध आमावुवा, अशक्त नगरवासीहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण, परामर्श तथा औषधि वितरण गरिनेछ । घुम्ती स्वास्थ्य टोलीहरूलाई पनि परिचालन गराईनेछ ।

५. जन्मदिनमा निःशुल्क स्वास्थ्य परीक्षण : रासी नगरवासीलाई आफ्नो जन्मदिनमा भण्डारा अस्पतालमा निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था मिलाएको छु । यो कार्यक्रमबाट अस्पतालप्रति जनमानसमा विश्वास पैदा गर्नेहुँदा यो कार्यक्रमलाई निरन्तरता दिएको छु ।

६. **विद्यालय स्वास्थ्य कार्यक्रम :** पालिका भित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा हप्तामा एक पटक विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ । हप्ताको एक दिन विद्यालयले आफ्नो समय तालिका बनाई विद्यालय नर्स वा विद्यालय नर्स नभएका विद्यालयमा नजिकका स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीद्वारा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

७.रासी स्वस्थ नगर बनाऔं, सबै मिलेर योग गरौं : नगरवासीलाई मानसीक, शारीरिक रुपमा स्वस्थ र ताजगी बनाई राख्का लागि "रासी स्वस्थ नगर बनाऔं, सबै मिलेर योग गरौं" भन्ने नारा सहित योग र ध्यान कार्यक्रम ल्याएको छु । यसका साथै वैकल्पिक चिकित्सा अन्तर्गत नागरिक आरोग्य केन्द्र, वीरेन्द्रनगरको सेवालाई सबै वडाहरुबाट घुम्ती सेवा मार्फत प्रदान गर्ने व्यवस्था गरिनेछ । नगरवासीको स्वास्थ्य सम्बन्धी ज्ञान, धारणा र सीपलाई विकास गर्नका लागि आवश्यक जनचेतना अभिवृद्धि, सूचना सम्प्रेषण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

८.नगरमै सुत्केरी सेवा : घरमा हुने सुत्केरी शून्यमा झारी मातृशिशु मृत्युदर घटाउन रासी नगर अस्पतालबाट प्रदान हुने २४ घण्टे सुत्केरी सेवालाई निरन्तरता दिइनेछ । गर्भवती महिलालाई घरघरमा महिला स्वंयम सेविकाहरुको उपस्थितिमा आवश्यक परामर्श तथा सेवा प्रवाहको विषयमा जानकारी गराईनेछ ।

९.पूर्ण खोप घोषणा : नगरपालिकाले पुर्ण खोप घोषणा गरिसकेको हुनाले विभिन्न प्रकारका खोपहरू नियमित उपलव्ध गराइनेछ र नगरपालिकालाई पूर्णखोप दिगोपना लागि निरन्तरता दिईनेछ।

१०.स्वास्थ्य केन्द्र स्थापना र निरन्तरता : नगरको पहाडी भेगमा जनताले छिटो सेवा पाउनका लागि वडा नं. १३ को कान्दा, कालिटार र वाक्राङ्ग, वडा नं. १ को परेवाकोट र वडा नं. ९ को अमृतपानीमा स्वास्थ्य केन्द्र सञ्चालनको लागि निरन्तरता दिईनेछ ।

भण्डारामा निर्माणधिन अस्पतालको निर्माण पूरा गरी शिघ्र सुविधा सम्पन्न अस्पताल सञ्चालनमा ल्याईनेछ । हाल सञ्चालित भण्डारा अस्पतालमा लागु भएको स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी बनाईनेछ । अनलाईन टिकट र स्वास्थ्य परीक्षण तथा स्वास्थ्य परामर्शलाई प्रभावकारी रूपमा प्रयोग गरिनेछ । रासी नगरपालिका अन्तर्गत रहेका वर्थिङ सेन्टरहरुमा निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिनेछ । एक वडा एक ल्याबको स्थापना गर्ने नीति लिइएको छ । वडामा आफ्नो भवनमा सञ्चालनमा नआएका आधारभूत स्वास्थ्यचौकी निर्माणमा पहल गरिनेछ । भण्डारा अस्पतालमा विस्तार भएको दन्तरोग उपचारलाई प्रभावकारी बनाइनेछ । डेंगी लगायत किटजन्य रोग नियन्त्रण एंव महामारी व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाईनेछ । सञ्चालनमा रहेको आँखा उपचार केन्द्रलाई थप प्रभावकारी बनाईनेछ ।

ख).विद्यालय शिक्षा :

११. पढ्न पैसा पर्दैन : रासी नगरपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालय (इसिडिदेखि कक्षा १२ सम्म) मा निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ । विद्यालय जाने उमेरका पूर्व प्राथमिक तहका

शमशेर लामा
नगर प्रमुख

बालबालिकाहरुका लागि प्रारम्भिक बालविकास केन्द्रमा पहुँच सुनिश्चित गरिनेछ । निःशुल्क शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

१२.नमुना बालबिकास केन्द्र : कक्षामा बालबालिकाको टिकाउ दरमा वृद्धि गर्नको लागी शैक्षिक गुणस्तर सुधारको कार्यक्रम अन्तर्गत रासी नगरपालिका र अन्य दातृ निकायसँग सहकार्य गरी आधारभूत विद्यालयमा शैक्षिक र खेल सामाग्रीको व्यवस्थापन गरी बालमैत्री कक्षाको रुपमा स्थापित गर्दै नमूना बालविकास केन्द्रको रुपमा विकास गरिनेछ ।

१३.गुस्तरिय शिक्षा विद्यालय बसको व्यवस्था : रासी नगरपालिकाका तल्लो भेगमा सवै मा.वि. विद्यालयमा विद्यालय बसको व्यवस्थापन गर्ने नीती ल्याएको छु । रासी नगरपालिका वडा नं. २ को बुद्धशान्ती मा.वि., रासी वडा नं. ७ को वीरेन्द्रआर्दश मा.वि., रासी वडा नं. ८ को ब्रम्हनगर मा.वि. मा विद्यालय बसको व्यवस्थासहित गुणस्तरीय शिक्षाको लागि विभिन्न कार्यक्रमको योजना सुरु गरिनेछ ।

१४.छात्रावास सञ्चालन : पालिकाको भौगोलिक अवस्थालाई ध्यानमा राख्दै पहाडी क्षेत्रका कान्दा, यौरालीटार, थाकलटार, स्वामिटार, महादेवटार र बजरहट्टी लगायतका अन्य विद्यालयमा छात्रावास सञ्चालन गरिनेछ । दातृनिकायसँगको सहकार्यमा छात्रावास सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । हाल सञ्चालन भइरहेको छात्रावासलाई अझ व्यवस्थित गरि विद्यार्थीको संख्यावृद्धि गरिनेछ ।

१४.१ विद्यालयमा विद्यार्थीको नियमितता वृद्धि गर्न, छात्राको उपस्थिति वृद्धि गर्न तथा कक्षा छाड्ने र दोहेन्याउने दरमा कमी ल्याउन संघीय सरकारबाट प्राप्त हुन आएको दिवाखाजाको कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरणको कार्यक्रम तथा सेनेटरीप्याड वितरणको कार्यक्रम कार्यान्वयनलाई थप परिस्कृत गरि लागु गरिनेछ ।

१५. जनआर्दश क्याम्पसको स्वामित्व : रासी वडा नं. ७ मा अवस्थित जनआर्दश बहुमुखि क्याम्पसको स्वामित्व कानून बमोजिम लिने प्रकृया अगाडी बढाईनेछ । सम्बन्धित निकायसँगको ऐन र कानुनमा रही क्याम्पसको स्वामित्व लिई स्नातक तह र स्नाकोत्तर तहको कक्षा सञ्चालनलाई प्रभावकारी बनाईनेछ । जनआदर्श क्याम्पस विधान २०८२ अनुसार क्याम्पस सञ्चालनको अवधारणा सुरु गरिनेछ ।

१६. संस्थागत विद्यालयले हरेक वर्ष उपलव्ध गराउदै आइरहेको न्यूनतम १० प्रतिशत छात्रवृत्तिलाई नगरपालिकाको सम्बन्धित निकायले अनुगमन गरि सोको सुनिश्चित गरिनेछ । प्रत्येक संस्थागत विद्यालयमा समय तालिका अनुसार छात्रवृत्तिको सूचना सार्वजनिक गरि वडा र नगरपालिकाको सिफारिसमा छात्रवृत्ति दिईने व्यवस्था गरिनेछ ।

१७. शिक्षकहरुलाई प्रविधिसँग जोड्न र त्यसको कार्यसम्पादनको लागि आवश्यक तालिम, स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्वन्धि तालिमको व्यवस्था गरिनेछ । हरेक शैक्षिकसत्रमा उत्कृष्ट नतिजा ल्याउने तहअनुसारको

विद्यालय र नगर प्रथम विद्यार्थी र विषयगत शिक्षकलाई नगरपालिकाले छुट्टै बजेट व्यवस्थापन गरी प्रोत्साहन गर्नेछ ।

१८. भौतिक अवस्था कमजोर भएका विद्यालयलाई भौतिक संरचना निर्माण गर्न सहयोग गरिनेछ । भवन र कक्षाकोठा निर्माण एवम मर्मत, खानेपानी, शौचालय, कम्पाउण्डवाल र फर्निचर नपुग भएका विद्यालय, ICT को कार्यक्रम, विज्ञान प्रयोगशाला र पुस्तकालयको कार्यक्रम आवश्यक परेका विद्यालयहरुमा संघीय सरकार र प्रदेश सरकारको कार्यक्रमसँग संयोजन गरी विद्यालय भौतिक पूर्वाधार विकासको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१९. विद्यार्थीहरु कुलतमा लाग्न नदिन विद्यालयमा अतिरिक्त कक्षा अन्तर्गत वडामा गठन भएका बाल क्लबको सक्रियतामा लागूऔषध दूर्व्यसन विरुद्धको कार्यक्रम, ट्राफिक सचेतना मूलक कार्यक्रम, यौनजन्य र घरेलु हिंसा विरुद्धको कार्यक्रम, यौन शिक्षा तथा आत्महत्या दुरुत्साहन हुने खालका सचेतनामूलक कार्यक्रमलाई विद्यालयस्तरमा सञ्चालन गरिनेछ ।

२०. प्राविधिक शिक्षालाई प्राथमिकतामा राखी राप्ती नगरपालिका वडा नं. २ मा रहेको बुद्धशान्ती मा.वि.को प्राविधिक कक्षलाई अझ व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

ग. सेवा, समन्वय र सुशासनको आधार : समृद्ध राप्ती नगर

नगरको भौगोलिक अवस्था र भुगोललाई मध्य नजर गर्दै नगरवासीको सहजता र सहजिकरणका लागि नगरपालिकाका प्रमुख र उपप्रमुखज्यूको सेवा र समन्वयलाई फराकिलो पारिनेछ । समग्र नगरको विकास र यसको व्यवस्थापनको लागि नगर प्रमुख र उपप्रमुखको सचिवालयले दिदै आएको सेवालाई निरन्तरता दिइनेछ। नगरवासीले ल्याएका गुनासो सुन्ने, समस्या टिपोट गर्ने, त्यसको उपयुक्त विकल्पको खोजि समेत गर्ने गरि सचिवालयलाई उच्चतम प्रयोग गरिनेछ । नगर प्रमुख,उपप्रमुख विभिन्न प्रयोजनका लागि नगरपालिका भन्दा बाहिर, नगरवासीसँग प्रत्यक्ष सम्पर्क रहन नसक्ने अवस्थामा सचिवालयको माध्यमबाट नागरिकलाई सेवा , समन्वय र सुशासनमा सन्तुष्ट पार्ने प्रयत्न गरिनेछ ।

घ.कृषि सहकारी तथा पशुपन्छी :

राप्ती नगरपालिका स्वाभाविक रूपमै एउटा कृषिप्रधान पालिका हो । कृषिको विकास नगरी यहाँका साधनस्रोतहरूको सदुपयोग हुँदैन न त यहाँका नागरिकहरूको आर्थिक उत्थान हुन्छ । तसर्थ कृषिक्षेत्रको चौतर्फी विकासका लागि कृषियोग्य जमिनहरू र यहाँका किसानहरूको अध्ययन, पहिचान, स्तरीकरण र वर्गीकरण गरी आधुनिक, वैज्ञानिक तथा दीर्घकालीन कृषि प्रणालीको विकास गरिनेछ । सहकारीता समाजवादको आधार हो । त्यसैले सहकारीको मोडेललाई पालिकाको उत्पादन, उपभोग, विनिमय र वितरण प्रणालीमा अधिकतम उपयोग गरिनेछ । आवश्यकता अनुरूप नयाँ सहकारीहरू विकास गरिनेछ र निष्क्रिय सहकारीहरूलाई खारेजी वा मर्ज गरिनेछ । यसको सुरुवात यसअघिका वर्षबाट सुरु गरि सकेका छौ । सहकारीको विकास तथा स्थायीत्वका लागि विशेष कार्यक्रम ल्याइनेछ । सहकारीको नियमित र सघन अनुगमन र मूल्याङ्कन गरिनेछ ।

२०.१ नव प्रर्वतक कार्यक्रम :
रासी नगरभित्र युवाहरुले सिपसिकी आफ्नो क्षमताको आधारमा कुनै व्यवसाय सञ्चालन गरेमा वा नगरको पहिचान र नगरको गरिमासँग जोडिएका कुनै फरक किसिमको कृषि कर्म गर्नुभएको खण्डमा वा काम गर्नुभएमा नव प्रर्वतक कार्यक्रमको माध्यमबाट आर्थिक र प्राविधिक रुपमा सहयोग गरिनेछ ।

२१. कफि जोन : रासी नगरपालिकाले गत आर्थिक वर्षदेखि शुरु गरेको पहाडी क्षेत्रलाई कफि जोन कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ । किसानलाई दिगो आम्दानीको लागि कफि खेतिमा प्रोत्सहान गर्नेछ । यसका लागि हाल रासीको वडा नं. १० देखि १३ मा उमारिएर रोपिएका ३ लाख कफिको बेर्ना किसानलाई अनुदानमा उपलव्ध गराईनेछ । वडा नं. १ को परेवाकोट वडा नं. ३ को धमिलीमा समेत कफि खेति गरिनेछ । किसानलाई कफिको बेर्ना सहित आवश्यक प्राविधिक सहयोग गरिनेछ ।

२२.वडामै गोवर परीक्षण : आधारभुत कृषि तथा पशुसेवा केन्द्रमा गोवर परीक्षणको व्यवस्था गरिनेछ । सञ्चालनमा रहेको ति केन्द्रहरुलाइ व्यवस्थित गरिनेछ ।

२३.बिषादिको प्रयोगमा कमी : पालिकाले उत्पादन गरेको प्राङगारिक मल प्रयोगमा अनुदानको व्यवस्था गरिएको छ । यसले बढ्दो बिषादी प्रयोगमा कमि र रासायनिक मलको अभावलाई मलम लगाउनेछ । बिषादियुक्त उत्पादन र त्यसको मात्राको आधारमा बजारिकरणमा रोक लगाइनेछ ।

२५. कृषि एम्बुलेन्स : पालिकाले सञ्चालनमा ल्याएको कृषि एम्बुलेन्सलाई किसानको हितको लागि प्रयोगमा ल्याइनेछ । किसानले आफ्नो आवश्यकतामा प्रयोग गरि उत्पादनलाई बजारसम्म लैजाने व्यवस्था गरिनेछ ।

२६.पशुपालन : पशुपालनको विकासका लागि संस्थागत, व्यक्तिगत तथा सामूहिक कृषिफार्महरूको विकास गरिनेछ । परम्परागत रूपमा हरेक परिवारले १,२ वटा वा थोरैथोरै पशु पाल्दा पालिका भरिमा धेरै जनशक्तिको दुरूपयोग भएको, उत्पादन लागत बढेको र पशुपालनको समग्र विकास हुन नसकेकोले एकीकृत पशुपालन प्रणालीको विकास गरिनेछ । विशेषगरी समथर क्षेत्रमा गाई र भैंसीपालन तथा पहाडीक्षेत्रमा गाई, भैंसी, बाख्रा आदि फारमहरूको विकास गरिनेछ । यो कार्यक्रम लागू नभएको ठाउँमा पशुपालक किसानहरूलाई नगरपालिकाले यसअघि दिइआएको सुविधाहरू यथावत दिइनेछ । उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि नश्ल सुधार, गोठ तथा भकारो सुधार र पूर्वाधार एवं संरचना सुधारका कार्यलाई उच्च प्राथमिकता प्रदान गरि कार्यक्रम तर्जुमा गरिने छ । गाईभैंसीमा देखा परेको लम्पी स्किन रोगको निदान, नियन्त्रण, न्यूनीकरण एवं व्यवस्थापन गरिने छ ।

यसका साथै पालिकामा उत्पादन तथा व्यवसायिक हिसाबमा सञ्चालन भईरहेका अन्नबाली , अर्गानिक तरकारीखेती, फलफूलखेती, पुष्पखेती, पोल्ट्रीफार्म जडीबुटीखेती लगायतका क्षेत्रमा आवश्यकता हेरी अनुदानको व्यवस्थापन गर्नेछ । किसानलाई यस किसिमको काममा प्रोत्साहन गरिनेछ ।

शमशेर लामा
नगर प्रमुख

ङ. **भूमि अधिकार सबल सरकार :** रासी नगरपालिकाभित्र नाप्न बाँकी रहेका भुमिहिन दलित, भुमिहिन सुकुम्वासी, अव्यवस्थित वसोवासीको जग्गा नापजाँचलाई प्राथमिकतामा राखिनेछ । आवश्यक प्राविधिक र प्रविधि प्रयोग गरि यसै वर्ष सम्पूर्ण नगरवासीको जग्गा नापजाँच गर्ने कार्यलाई प्राथमिक़तामा राखिनेछ ।

२७. घरधुरि कर संकलन : नेपाल सरकारको र प्रदेश सरकारको नीतिअनुरूप सबै वडाहरूमा नम्बरी जग्गा बाहेक पर्ती, ऐलानी वा वनसीमाभित्र रहेका वस्तीहरूको उचित प्रमाणीकरण र व्यवस्थापन गरी त्यहाँका वासिन्दाहरूलाई पनि करको दायराभित्र ल्याउनको लागि आवश्यक अनुसन्धान गरिनेछ ।

२८. एक वर्ष सय घर : प्रत्येक आर्थिक वर्षमा रासी नगरपालिका भित्र रहेका अति विपन्न परिवारलाई कम्तीमा १०० वटा घर निर्माण गरि हस्तान्तरण गरिनेछ । यसअघि बनेका घर र अव बन्ने सम्पुर्ण घरमा पहिचानको लागि एकै किसिमको रङ प्रयोग गरिनेछ । यसका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ । अव बन्ने घरमा जस्तापातामा समेत एकरुपता ल्याइनेछ ।

२९. पहिचान पत्र वितरण : नगरभित्र आयोगले नापजाँच गरि नक्सा निमार्ण गरेको भुमिहिन दलित, भुमिहिन सुकुम्वासी, अव्यवस्थित वसोबासीलाई पहिचान सहितको जग्गा प्रमाणपत्र तयार गरि दिइनेछ । आयोगले विरतण गरेको निस्साको आधारमा रासी नगरपालिकाले प्राविधिक खटाई नापी गरेका जग्गाको विवरण खुल्ने प्रमाण पत्र तत्कालै जनताको हातहातमा पुर्याइनेछ ।

३०. भुमिहिनहरु खोज र अनुसन्धान : रासी नगरपालिका भित्र रहनु भएका भुमिहिन दलित , भुमिहिन सुकुम्वासी, अव्यवस्थित वसोवासीहरुको हालको अवस्था र पहिचानको लागि खोज अनुसन्धान गरि तथ्याङ्क संकलन गरिनेछ। तथ्याङ्कबाट तयार पारिएका प्रतिवेदनलाई दस्तावेजको रुपमा राखिनेछ ।

३१. पूर्वपश्चिम राजमार्गको पुरानो बाटोमा बसोबास गर्ने सुकुम्वासीहरूको नगरपालिकाले विकास गर्ने एकीकृत वस्तीहरूमा बसोवासको व्यवस्था गरिनेछ । साथै त्यसरी स्थानान्तरण गरिएका परिवारलाई आयआर्जनको लागि आवश्यक सिप सिकाइनेछ । उनीहरूले हाल बसोबास गरिरहेको बाटोको स्तरोन्नति गरी सञ्चालन गरिनेछ ।

३२. टोल विकास संस्था : टोल विकास संस्थाहरूको वैज्ञानिकीकरण गरिनेछ । टोल निर्माण गर्दा सकेसम्म एउटै बाटो, ढल, बिजुलीलाईन आदि प्रयोग गर्ने, सधैं देखभेट भइरहने र साझा समस्या हुने घरपरिवारहरूको समूहलाई एउटा टोलमा आबद्ध गराईनेछ । बजार क्षेत्रमा टोल विकास संस्थालाई विशेष नम्बर दिईनेछ र त्यहाँका घरहरूलाई पनि तिनीहरूको प्रकृति अनुरूपको नम्बर दिई पहिचान स्पष्ट गराईनेछ ।

च. तथ्याङ्क र सूचना : रासी नगरपालिकाको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्थाको यथार्थ तथ्याङ्क संकलन गरिनेछ जसको आधारमा नगरपालिकाको सम्पूर्ण तथ्यहरू र सूचकहरू प्राप्त होऊन् र अल्पकालीन तथा दीर्घकालीन योजनाहरू वैज्ञानिक ढङ्गले निर्माण गर्न सकियोस् । यसका लागि नगरपालिकामा तथ्याङ्क तथा सूचना शाखाको स्थापना गरिनेछ र त्यस शाखाबाट सबै सूचनाको सम्प्रेषण हुने र सुचना प्राप्त गर्न सकिनेछ ।

धनबीर लामा
नगर प्रमुख

छ. पालिकामा बाहुल्य रहेका तामाङ्ग र चेपाङ्ग लगायत अन्य जातिका भाषा र लिपि प्रर्वद्धन गरि दस्तावेज गर्ने व्यवस्था गरिनेछ ।

ज. फोहोरमैला व्यवस्थापन

फोहोरमैला व्यवस्थापनका लागि निम्नानुसार कार्य गरिनेछ ।

३३. सफा रासी : रासी नगरपालिकाको मुख्य बजार क्षेत्रमा नियमित सरसफाइ गरिनेछ । यो कार्यक्रमलाई यस वर्ष समेत निरन्तरता दिईनेछ । यसअघि भण्डारा बजारमा मात्र नियमित रुपमा सरसफाई भएकोमा अब नगरको मुख्य क्षेत्र लोथर, गडयौली, वीरेन्द्रनगर तथा खुरखुरेमा पनि नियमित सरसफाई गरिनेछ । नगरपालिकाले खटाएको कर्मचारीले हरेक दिन विहान र साझ मुख्य मुख्य बजार क्षेत्रमा सरसफाई गर्ने व्यवस्था मिलाईनेछ ।

३४. नगरपालिकामा वातावरण शाखा स्थापना गरि फोहरमैला व्यवस्थापन गर्ने कार्यलाई सरल र नियमित बनाईनेछ ।

३५. घुम्ती समयको तालिका बनाई हरेक घर घरमा सवारी साधन र कर्मचारी पठाई फोहोर संकलन गरिनेछ। हरेक चोकहरू सफा र हराभरा बनाइनेछ ।

झ. प्राकृतिक साधनस्रोतहरूको सदुपयोग

पालिकाभित्र रहेका प्राकृतिक साधनहरू युगौंयुगसम्म यहाँको जीवनका आधार हुन् र यिनीहरूमा हाम्रो मात्र अधिकार नरही हामीपछिका पिँढीहरूको पनि उत्तिकै अधिकार हुन्छ भन्ने मान्यताको आधारमा प्राकृतिक साधनहरूको सदुपयोग तथा व्यवस्थापन गरिनेछ । समथर र पहाडीक्षेत्रका सबै खेतीयोग्य जमिनको पूर्णरूपमा र वैज्ञानिक किसिमले सदुपयोग गरिनेछ ।

ञ. जनतासँग मेयर : रासीको मुख्य मुख्य समस्या पहिचान गरि त्यसको समाधानको लागि जनतासँग मेयर कार्यक्रम सञ्चालन गरिनेछ । रासीका जनताको समस्या सुन्दै जनतासँग नगर प्रमुख आफै स्थलगत पुगि जनताको गुनासो सुन्ने, सुझाव लिने र सहकार्यको विकल्प खोजिनेछ ।

ट. स्मार्ट रासी : नगरपालिका भित्रका अति संवेदनशिल क्षेत्र तथा स्थानंको संरक्षण र त्यसको प्रर्वद्धनको लागि विभिन्न प्रविधि प्रयोगगरी रेखदेख तथा संरक्षण गरिनेछ । यसका अलवा नगरपालिका, वडा कार्यालयहरू तथा यहाँका संघसंस्थाहरूका कार्यक्रमहरूलाई क्रमशः जनतासँग प्रत्यक्ष डिजिटलाईज गरी सेवा लिन र दिन सजिलो बनाइनेछ ।

आगामी आर्थिक वर्ष २०८२/०८३ देखि एकिकृत कार्यालय व्यवस्थापन प्रणाली प्रयोगमा ल्याईनेछ । जसबाट सबै शाखा र वडा कार्यालयहरुका कामहरु विद्युतिय माध्यमबाट सञ्चालन गरिनेछ । साथै सार्वजनिक खरिद प्रणालीलाई पूर्णत PAMS प्रणाली लागु गरिनेछ ।

धनशेर लामा
नगर प्रमुख

३६. चोकचोकमा इन्टरनेट : नेपाल टेलिकम तथा इन्टरनेट सेवाप्रदायकहरूसँग समन्वय गरेर सबै वस्तीहरूमा टेलिफोन र इन्टरनेटको सुविधा पुऱ्याईनेछ । यसका लागि नगरपालिकाले आवश्यक सहयोग गर्नेछ । सबै जनताको घरघरमा ईन्टरनेटको पहुँच होस भन्ने चाहाना राख्दै मुख्य चोकचोकमा नगरपालिकाले टोल विकास संस्थाको नेतृत्वमा सामुहिक निःशुल्क ईन्टरनेटको व्यवस्था गर्नेछ ।

ड. डिजिटल प्रोफाइल : रासी नगरपालिकाकलाई डिजिटल नगरको तर्फ केन्द्रित गरिनेछ । सम्पुर्ण नगरवासीको वर्तमान अवस्था, नगरको विविध क्षेत्रको अवस्थालाई अनलाइन प्रणाली मार्फत प्रस्तुत गर्नको लागि जनता डाटावेश मार्फत डिजिटल प्रोफाइल निर्माण गरिनेछ ।

ढ.आत्मनिर्भर नगरपालिका :

३७. सिप तथा रोजगार : रासी नगरपालिकाले यो आर्थिक वर्षमा १ हजार भन्दा वढी युवालाई सिपमुलक तालिम दिएको तथ्याङ्कमा उल्लेख छ ।आगामी आर्थिक वर्षमा पनि रासी नगरपालिका भित्रका १५०० भन्दा बढी युवालाई सिपमुलक तालिम, अभिमुखिकरण तालिम, क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ । रोजगारी सिर्जना तथा आयआर्जन कार्यक्रमको लागि अनुदान सहितको प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

३८. शहिद तथा वेपत्ता परिवार प्रोत्साहन कार्यक्रम : रासी नगरपालिका भित्रका शहिद तथा वेपत्ता परिवारको लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्ता परिवारलाई आवश्यक सिप तथा तालिम दिई आयआर्जन कार्यक्रममा सहभागि गराइनेछ ।

ण. पर्यापर्यटन

रासी नगरपालिकामा पर्यटन उद्योगको पनि प्रशस्त सम्भावना भएको पालिका हो । यहाँको पर्यटन विकासका लागि निम्नानुसार कार्यहरू गरिनेछ ।

३९. पर्यटन प्राविधिकहरूको सहयोग लिएर यहाँको पर्यटन केन्द्रहरूको पहिचान, अध्ययन, विकास र प्रचारप्रसार गरी पर्यटन विकासको अल्पकालिन तथा दीर्घकालीन योजनाहरू निर्माण गरिनेछ ।

४०. रासी नगरपालिका क्षेत्रमा रहेको विभिन्न पार्कहरुको संरक्षण र संम्वर्द्धन सम्बन्धित वडाको संरक्षकत्व रहने र त्यसको व्यवस्थापन गर्ने नीति लिएको छु । आन्तरिक र वाह्य पर्यटनलाई आकर्षित गर्ने खालको विकास गरि आन्तरिक राजस्वमा वृद्धि गरिनेछ । जस्तैः कुचकुचे वन तथा त्यससँग आसन्न क्षेत्रहरूमा होटलहरू स्थापना र सञ्चालन गर्ने, जङ्गल सफारी गराउने, रासीमा डुङ्गासफारी गराउने, संस्कृति तथा सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गराउने आदि पर्यटन प्रवर्द्धन सम्वन्धी कार्यहरू सम्बन्धित क्षेत्रको जनसहभागितामा तत्काल शुरू गरिनेछ र त्यस क्षेत्रलाई सौराहा लगायत नेपालका अन्य पर्यटन केन्द्रहरूको सञ्जालसँग जोडिनेछ ।

४१. थारु समुदायको क्षेत्रमा पर्ने वडा नं ६ को गैडाभाष्माडी ताललाई संरक्षण तथा विस्तार गरिदै लगिनेछ। त्यहाँ आएका आन्तरिक र वाह्य पर्यटकको लागि सहजताका लागि होमस्टे सञ्चालनमा प्रोत्साहन गरिनेछ । यस वर्ष देखि थारु तथा चेपाङ्ग होमस्टे सञ्चालन गरि कला संस्कृतिको जर्गेना गरिनेछ ।

श्यामशेर लामा
नगर प्रमुख

४२. रासीका विभिन्न स्थानमा रहेका ऐतिहासिक गढीहरुको अध्ययनगरी पुननिर्माण गरिनेछ। पुरातत्व विभागसँगको सहकार्यमा रासी १३ को कान्द्राङ्गढी, परेवाकोटगढी पुननिर्माण गरिनेछ।

४३. **कोशेलीको घर :** रासीमा उत्पादन भएका र निर्माण भएका हस्तकला तथा पहिचान दिने सामाग्रीको लागि कोशेलीको घर सञ्चालन गरिनेछ । तहाँ प्रदर्शनमा राखिएका त्यस्ता सामाग्रीहरु आन्तरिक तथा वाह्य पर्यटकले खरिदगरी लैजाने व्यवस्था गरिएको छ ।

त. शुद्ध खानेपानी :

४४. रासीका सबै घरहरूमा शुद्ध खानेपानी वितरण गरिनेछ । हाल सञ्चालित र अब बन्ने खानेपानी योजनाहरूको मितव्ययिता हुनेगरी पानी वितरण क्षेत्र निर्धारण गरिनेछ । शुद्ध खानेपानी नपुगेका बस्तीहरूको तुरून्त पहिचान गरी ती बस्तीहरूमा खानेपानी पुऱ्याईनेछ । न्युनतम एकाई खानेपानी उपभोग गर्ने विपन्न परिवारलाई वडा कार्यालयको पहलमा निःशुल्क खानेपानीको व्यवस्था गरिनेछ । खानेपानीको न्युनतम बिल वडा कार्यालयको सहकार्यमा व्यवस्थापन गरिनेछ ।

४५. युवा तथा खेलकुद विकासः

युवाहरूको शारिरिक, मानसिक तथा सामाजिक विकासका लागि पालिकाभित्र देशमा हाल प्रचलित सबै किसिमका खेलहरू खेल्न तथा प्रतियोगीताहरू सञ्चालन गर्न मिल्ने कम्तिमा एक एकवटा खेलमैदान वा कोर्ट वा खेल भवनहरू निर्माण गरिनेछ ।

यसका अलवा समुदायमा युवा सहभागिताको लागि नगर र वडामा दर्तामा भएका युवा क्लवहरुलाई खेलकुद कार्यक्रममा जोडिनेछ । हरेक वर्ष सञ्चालन गरिदै आएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, विभिन्न नगरवडास्तरिय प्रतियोगितालाई निरन्तरता दिईनेछ। यस वर्षदेखि मेयर गोल्डकप, अन्य विविध खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।नगरस्तरिय तथा अन्य ठुला प्रतियोगिता सञ्चालन र त्यसको व्यवस्थापनको लागि सुविधा सम्पन्न कभर्डहल निर्माण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

थ. महिला विकास

महिलाहरू छुट्टै जात र वर्ग होइनन् बरू समाजिक तथा आर्थिक विकासको आधाशक्ति हुन् भन्ने मान्यतामा हरेक नीति तथा कार्यक्रमहरू बनाईनेछ । त्यसैले राजनैतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक गतिविधीहरूमा महिला र पुरूषलाईसँगै अघि बढाइनेछ । पुरूष बराबर पहुँच नभएका क्षेत्रहरूमा साझेदारी गर्न सक्नेगरी महिलाको सशक्तिकरण गरिनेछ । महिलाहरू मात्रले योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने र सञ्चालन गर्ने संस्थाहरू खोलेर उनीहरूलाई आत्मनिर्भर एवम् सक्षम बनाउने कार्यको थालनी गरिनेछ ।

४६. विवाहवारी बिस बर्षपारि : पालिका भित्र हुने वालविवाह विरुद्ध जनजेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। वालविवाह दर न्यून बनाउन अभिभावकलाई समेत सचेतनामुलक कार्यक्रममा सहभागि गराईनेछ ।

४७. बालबालिका क्षेत्र : विद्यालय तथा घरमै रहेका बालबालिकालाइ लक्षित गरि बालबालिकासँग कार्यक्रम सञ्चालन गरिनेछ । बालक्लब, विद्यालय तथा समुदायका बालबालिकाको क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

द. आमाबुवाविहिन बालबालिका संरक्षण कार्यक्रम : पालिकाभित्रका असक्त र अपाङ्गहरूको हेरचाह गर्ने तथा अनुकुल र सम्मानजनक रोजगारी दिने काममा नगरपालिकाले विशेष कार्यक्रम बनाएर लागू गर्नेछ । उनीहरूलाई आवश्यक पर्ने सेवासुविधाहरू नियमित गरिनेछ ।

ध. विपद् व्यवस्थापन तथा उद्धार

सबै प्रकारका प्राकृतिक तथा अन्य विपद्हरू विरूद्ध पूर्वतयारी गरिनेछ र त्यस्तो विपद् आईहालेमा नगरपालिका एवम् सम्पूर्ण नागरिक समाजबाट उद्धार तथा सरसहयोगको व्यवस्था गरिनेछ । यसका लागि सुरक्षा निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ । नगरमा र वडाहरूमा गठन भएका विपद् व्यवस्थापन तथा उद्धार समितिहरूलाइ सक्रिय बनाइनेछ । नगरमै स्थापना भएको विपद व्यवस्थापन समितिको सहकार्य गरि रेडक्रस, स्काउट, सुरक्षा निकाय, क्लबहरूसँग बचाउ कार्यक्रम लागु गरिनेछ ।

न. दलित उत्थान :

नगरपालिकामा रहनु भएका दलितहरूको संख्यात्मक आधारमा विभिन्न मागमा आधारित कार्यक्रम गरिनेछ । त्यस्ता कार्यक्रमलाई व्यवस्थित गर्न गराउनं दलित समन्वय समितिको सहयोगमा कार्यक्रम सञ्चालन गरिनेछ । तसर्थ दलितहरूको उत्थान गर्ने कार्य प्राथमिकतामा पर्नुपर्छ । यसका लागि दलित उत्थान समितिको अगुवाइमा योजना तथा कार्यक्रम बनाएर लागू गरिनेछ ।

प.आदिवासी जनजाति पहिचान :

समेथर क्षेत्रमा ठूलो संख्यामा रहेको थारू जातिको आर्थिक सामाजिक विकास र उनीहरूको भाषा, संस्कृति र कलाको संरक्षण गर्नका लागि विशेष कार्यक्रम ल्याइनेछ । अवलोकन गर्न आउने पाउनाहरुको लागि होमस्टे सञ्चालन गरिनेछ । पालिकामा रहेका थारु, चेपाङ, तामाङ, नेवार, मगर, पुन, गुरुङ, दराई, राई लगायतका आदिवासी जनजातिको पहिचान झल्कने संग्राहलय निर्माणमा प्रोत्साहन गरिनेछ । मर्दापर्दा संगठित हुनको लागि आवश्यकता हेरी किरियापुत्रि भवन निर्माणमा सहयोग गरिनेछ ।

फ. सीमान्तकृत जाति चेपाङको उत्थान :

४८. जनता आवास कार्यक्रम : पालिकाको पहाडीक्षेत्रमा युगौंदेखि बसोबास गरेर पनि विपन्न, अशिक्षित र अचेतन अवस्थामा जीवन निर्वाह गरिरहेका चेपाङ जातिको आर्थिक सामाजिक विकास गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरेर थप कार्यक्रमहरू ल्याइनेछ । विशेषगरी जनता आवास कार्यक्रम मार्फत चेपाङ समुदायलाई सम्बोधन गरिनेछ ।

शमशेर लामा
नगर प्रमुख

४९. चिउरी चमेरो कार्यक्रम : पालिका भित्र बसोबासी गरिरहेका चेपाङ जातिको लागि चिउरी चमेरो कार्यक्रम मार्फत आयआर्जनको माध्यमबाट जीवनस्तर उकास्ने प्रयास गरिनेछ । यसका लागि प्रदेश सरकारको सहयोगमा थप कार्यक्रमको व्यवस्थापन गरिनेछ ।

ब. उज्यालो रासी : रासी नगरपालिकाको पहाडी क्षेत्र वा विजुली नपुगेको क्षेत्रमा आगामी वर्ष विजुली पुऱ्याउन आवश्यक पहल गरिनेछ । विजुली पुगेका तर आर्थिक अभावमा विजुली जोड्न नसकेका विपन्न परिवारलाई निःशुल्क मिटरवक्स जडान गरिनेछ । उज्यालो रासी कार्यक्रम अन्तगत पालिकाको मुख्य मुख्य बजार, धार्मिकस्थल, चोक चोकमा ,टोल विकास तथा क्लव वा समुह संरक्षकत्व रहने गरि झिलिमिल पारिनेछ ।

भ.सडक मानव मुक्त घोषणा : रासी नगरपालिकामा परिवारसंगै छुट्एिका, एक्लो, बेसहारा भई सडकमा बास बस्न वाध्य नागरिकलाई मानव सेवा आश्रमसँग सहकार्य गरि सडकमानव मुक्त नगर घोपणा गरिनेछ । यसका लागि मानवसेवा आश्रम चितवनसँग सहकार्य गरी आश्रय वा परिवारसँग पुर्नमिलनको लागि सहकार्य गरिनेछ ।

म.स्व. जेपि भेटवालको सम्झनामा : तत्कालिन वामपन्थि नेता, रासी नगरपालिकाका अगुवा स्वर्गिय जागृत प्रसाद भेटवालको स्मृतीमा वडा नं. ५ मा रहेको नागदह खहरे खोला चौरमा जेपि प्रतिष्ठान गठन गरि उहाँको सम्झनामा विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

य.डम्फु जोन : प्रजातान्त्रिक सेनानी स्वर्गीय छेंकु लामाको सम्झनामा सञ्चालनमा रहेको छेकु लामा प्रतिष्ठानसँग सहकार्य गरि रासीको वडा नं. १० मा डम्फु जोन निर्माण तथा प्रतिमा स्थापना गरी आन्तरिक पर्यटन प्रर्वद्धनको लागि विकास गरिनेछ । साविकको कोराक र लोथर गा.वि.स.को नेतृत्वमा रहनु भएका स्व. छेकु लामाको सम्झनामा कला सस्कृति र यसको प्रर्वद्धनात्मक भुमिका निर्वाह गरिनेछ ।

र.विपन्नलाई सुधारिएको चुलो : सीमान्तकृत चेपाङ समुदाय सहित विपन्न महिलाहरुको स्वास्थ्य, सुरक्षा तथा वातावरण जोगाउन ८०० परिवारलाई सुधारिएको चुलो वितरण गर्ने व्यवस्था मिलाएको छु । चुलो वितरण गर्नुपूर्व अति विपन्न वर्गको विवरण संकलन गरिनेछ ।

ल.चेपाङ्ग संरक्षण क्षेत्र घोषणा : रासी नगरपालिकाको चेपाङ्ग समुदायको बाहुल्यता रहेको वडा नं. १,३,६ र वडा नं. १० देखि १३ लाई चेपाङ्ग संरक्षण क्षेत्र घोषणा गरिनेछ । चेपाङ्ग समुदायको विकास र उत्थानको लागि यसले महत्वपुर्ण भुमिका खेल्नेछ ।

व.राजश्व

नगरपालिकाको आन्तारिक राजश्व संकलनमा टेवा पुऱ्याउन र विकासको पाइलाले फड्को मार्नको लागि करको दायरा वृद्धि गरिनेछ भने करको दरमा केही परिवर्तन गरिनेछ र नियमति कर तिर्ने करदाताहरूको समयको बचत हुने हेतुले अनलाईन मार्फत कर तिर्ने व्यवस्था गरिनेछ र उत्कृष्ट करदातालाई सम्मान गरिनेछ । आर्थिक वर्ष २०८१/०८२ मा सवैभन्दा बढी कर उठाउने प्रथम, द्वितीय र तृतीय हुने वडालाई सम्मान गरिनेछ । साथै आ.व. ०८२/०८३ सुत्र सफ्टवेयरको राजश्व मोड्यूबाट कर संकलनको व्यवस्था मिलाई मितव्ययीता

शमशेर लामा
नगर प्रमुख

अपनाईनेछ । यसका अलवा स्थानीय सरकार सञ्चालन ऐनमा राजश्व वृद्धिको लागि कर लगाउन पाइने क्षेत्र पहिचान गरि त्यसतर्फ पालिकाको विशेष ध्यान केंन्द्रित गरिनेछ ।

माथि उल्लेखित कार्यहरूवाहेक पनि यस अघिको स्थानीय सरकारले अघि बढाएका तर सम्पन्न नभएका महत्वपूर्ण कार्यक्रम तथा आयोजनहरू पूरा गरिनेछ । गौरवशाली कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

यहाँहरू समक्ष मैले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमहरू सकेसम्म वस्तुगत हुनेगरी संक्षेपमा प्रस्तुत गरें । रासी नगरपालिका सबै रासीवासीहरूको साझा घर हो । तसर्थ यसको समग्र विकास गर्ने जिम्मेवारी पनि हामी सबैको हो । अहिले म यहाँहरूजस्तै एउटा प्रतिनिधि पात्र मात्र हुँ । यहाँहरू पनि मजस्तै प्रतिनिधि हुनुहुन्छ । समस्त रासीवासीको आशा र भरोसा यस घडीमा हामीमाथि टिकेको छ । लेखेर र बोलेर मात्र केही हुँदैन गरेर देखाउनुपर्छ र एक्लैले केही गर्न सकिदैन । सबै मिलेमा अवस्य सक्नेछौं । अन्तमा यस नीति तथा कार्यक्रम निर्माणको क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने जनप्रतिनिधिहरू, नगरपालिकाका कर्मचारीहरू, विज्ञहरू लगायत सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

जय रासी । धन्यवाद ।

शमशेर लामा
नगर प्रमुख

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चिंतवन

विनयोजन ऐन

राप्ती नगरपालिका, चितवन को आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०८२/०३/२०

प्रस्तावना : राप्ती नगरपालिका, चितवन २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम राप्ती नगरपालिका, चितवनको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "राप्ती नगरपालिका, चितवनको विनियोजन ऐन, " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८२/८३को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १,१३,९४,२४,७१६.२९ (अक्षेरुपी रुपैयाँ एक अर्ब तेह्र करोड चौरान्नब्बे लाख चौबिस हजार सात सय सोह्र पैसा उनान्तिस मात्र |) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३को निमित्त राप्ती नगरपालिका, चितवनको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

निर्णय नं. १- १५ औं नगरसभाको सभाध्यक्ष नगर प्रमुख श्री शमशेर लामाज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सभाबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो।

निर्णय नं. २-रासी नगरपालिकाको नगर कार्यपालिका बैठकमा मिति २०८२।०३।१८ गते छलफल भई स्वीकृतको लागि पेश भएको आर्थिक विधेयक २०८२ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३-रासी नगरपालिकाको नगर कार्यपालिका बैठकमा मिति २०८२।०३।१८ गते छलफल भई स्वीकृतको लागि पेश भएको विनियोजन विधेयक २०८२ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ४-१५ औं नगरसभामा नगर उपप्रमुख श्री देवेन्द्र लामाज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८२/०८३ को वार्षिक बजेट वक्तव्य सभाबाट सर्वसम्मत पारित निर्णय गरियो ।साथै आ.व २०८०/०८१ र आ.व. २०८१/०८२ का भुक्तानी बाँकी योजनाहरु समेत समेटी वार्षिक कार्यक्रम स्वीकृत गरियो ।

निर्णय नं. ५-रासी नगरपालिका शिक्षा ऐन २०७४ को दफा ५ मा बुंदा नं. ग मा उच्च शिक्षाको १. बहुमूखी २. प्राविधिक तथा व्यावसायिक शिक्षा कायम गरि नगर कार्यपालिकाको मिति २०८२।०३।१८ गतेको बैठकबाट संशोधनको लागि १५ औं नगर सभामा पेश हुन आएकोले सोही बमोजिम शिक्षा ऐन २०७४ मा उल्लेखित बुँदा थप गरि संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ६-नगर कार्यपालिकाको मिति २०८२।०३।१८ गतेको बैठकमा छलफल भई पेश भएको जनआदर्श वुहुमुखी क्याम्पसको विधान २०८२ स्वीकृतको लागि १५ औं नगरसभामा पेश हुन आएकोले सो विधान स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ७-रासी नगरपालिकाको विभिन्न शाखाहरुको वार्षिक कार्य प्रगति सहित पेश हुन आएको न्यायिक समितिको प्रतिवेदन र लेखा समितिको प्रतिवेदन स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८-रासी नगरपालिकाको आ.व. २०८०/०८१ को म.ले.प.बाट औल्याइएको बेरुजुको दफावार छलफल गरि आर्थिक गतिविधिमा भएका कमीकमजोरी पुन नदोऱ्याउने प्रतिवद्धता सहित अनुमोदनको लागि नगरसभामा पेश गर्ने र एक पटकको लागि नियमित गर्न महालेखा परीक्षकको कार्यालयबाट अनुरोध गर्ने भनि निर्णय भएको हुँदा सोही अनुसार संलग्न बमोजिम पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९-रासी नगरपालिकाको विनियोजन बजेटको सिमामा रही नगरपालिकालाई आवश्यक पर्ने सम्पत्ति तथा जिन्सीलाई एकमुष्ट खरिद प्रक्रिया अगाडी बढाउने प्रयोजनार्थ पेश भएको बार्षिक खरिद योजना २०८२ बनाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १०-रासी नगरपालिकाको रिक्त लेखा समितिको संयोजकमा वडा नं. ८ को वडा सदस्य श्री दिपक अधिकारीलाई मिति २०८४ बैशाख मसान्तसम्मका लागि तोक्ने निर्णय गरियो ।

निर्णय नं. ११- रासी नगरपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य केन्द्र, अस्पताल लगायतका स्थानमा दैनिक ज्यालादारीमा विभिन्न तहका कर्मचारीहरु राखि कार्य भएको र मिति २०८२।०२।२५ गते हटाएको हुँदा कानुनी प्रक्रिया पुरा गरि निजहरुलाई कार्य गरेको दिन सम्मको ज्याला रकम हाजिरी प्रमाणित गरि भुक्तानी प्रकृया अगाडी बढाउने कार्यपालिका निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १२- आ.व. ०८१/८२ मा वार्षिक विकास कार्यक्रममा व्यवस्था भएका र अत्यावश्यक भई विभिन्न शिर्षकमा संशोधन वा रकमान्तर सम्पूर्ण योजना र खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

राप्ती नगरपालिका
प्रमुख कार्यपालिकाको कार्यालय
देवी, बण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

मिती : २०८२।०३।२० गते

<u>प्रस्तावहरु</u>

१. आ.व. २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. आर्थिक विधेयक २०८२ सम्बन्धमा ।
३. विनियोजन विधेयक २०८२ सम्बन्धमा ।
४. आ.व. २०८२।०८३ को वार्षिक बजेट बक्तव्य सम्बन्धमा ।
५. शिक्षा ऐन संशोधन सम्बन्धमा ।
६. जनआदर्श बहुमुखी क्याम्पसको विधान २०८२ सम्बन्धमा
७. आ.व. २०८१।०८२ को विषयगत शाखाको कार्यसम्पादन र आगामी कार्ययोजना सम्बन्धमा ।
८. आ.व. २०८०।०८१ को महालेखा परीक्षकको वेरुजु सम्बन्धमा ।
९. वार्षिक खरिद योजना २०८२ सम्बन्धमा ।
१०. लेखा समिति संयोजक तोक्ने सम्बन्धमा ।
११. ज्यालादारी कर्मचारीको ज्याला भुक्तानी सम्बन्धमा ।
१२. संशोधन/रकमान्तर र खर्च अनुमोदन सम्बन्धमा।

Scanned with CamScanner

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हर्दी, भापडारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चितवन
कार्यालयको कोड : ८०३३१४०५३००

कार्यक्रम / परियोजना अनुसार बजेट विनियोजन

आ.व. : २०८२/८३

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
							पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
८०३३१४०५१०१ राप्ती नगरपालिका											
१	ढुङ्गा गिटी संकलक पारिश्रमिक तथा प्रोत्साहन	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२००००	पटक	०.००	०.००	०.००	२,००,०००.००	२,००,०००.००
२	पारिश्रमिक कर्मचारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	३५०००००	पटक	१,०५,००,०००.००	१,०५,००,०००.००	१,०५,००,०००.००	३५,००,०००.००	३,५०,००,०००.००
३	पारिश्रमिक करार कर्मचारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११	आन्तरिक श्रोत - नगद	४००००००	पटक	०.००	०.००	०.००	४०,००,०००.००	४०,००,०००.००
४	सुरक्षा कर्मी पारिश्रमिक	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२५००००	पटक	६,००,०००.००	६,००,०००.००	६,००,०००.००	७,००,०००.००	२५,००,०००.००
५	पारिश्रमिक पदाधिकारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१२५००००	पटक	३७,५०,०००.००	३७,५०,०००.००	२५,००,०००.००	२५,००,०००.००	१,२५,००,०००.००
६	पोशाक	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११२१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१२०००००	पटक	०.००	०.००	१२,००,०००.००	०.००	१२,००,०००.००
७	मानव सेवा आश्रम चितवन शाखालाई खाधान्न सहयोग	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०००००	पटक	०.००	३,००,०००.००	०.००	०.००	३,००,०००.००
८	होस्टेल व्यवस्थापन राप्ती-१२	शिक्षा	२११२२	आन्तरिक श्रोत - नगद	१०००००	गोटा	३,००,०००.००	२,००,०००.००	३,००,०००.००	२,००,०००.००	१०,००,०००.००
९	महंगी भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४०००००	पटक	१०,००,०००.००	१०,००,०००.००	१०,००,०००.००	१०,००,०००.००	४०,००,०००.००
१०	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५०००००	पटक	१,००,०००.००	१,००,०००.००	१,५०,०००.००	१,५०,०००.००	५,००,०००.००
११	कर्मचारी बैठक भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५००००	पटक	१,००,०००.००	५०,०००.००	१,००,०००.००	५०,०००.००	३,००,०००.००
१२	पदाधिकारी भ्रमण भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०००००	पटक	२०,०००.००	२,००,०००.००	०.००	२,८०,०००.००	५,००,०००.००
१३	मेशिन अपरेटर भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०००००	पटक	०.००	०.००	०.००	१,००,०००.००	१,००,०००.००
१४	पदाधिकारी बैठक भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१२५०००	पटक	५,००,०००.००	५,००,०००.००	२,५०,०००.००	२,५०,०००.००	१५,००,०००.००
१५	कर्मचारी कल्याण कोष	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२१४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	३००००००	पटक	०.००	०.००	०.००	३०,००,०००.००	३०,००,०००.००
१६	पानी तथा बिजुली	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२१११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	११५०००	पटक	२,००,०००.००	२,००,०००.००	२,००,०००.००	५,५०,०००.००	११,५०,०००.००
१७	संचार महसुल	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२११२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०००००	पटक	२,००,०००.००	२,००,०००.००	२,००,०००.००	४,००,०००.००	१०,००,०००.००
१८	इन्धन (पदाधिकारी)	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२०००००	पटक	५,००,०००.००	५,००,०००.००	५,००,०००.००	५,००,०००.००	२०,००,०००.००
१९	इन्धन हेभी मेशिन सञ्चालन	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२०००००	पटक	३,००,०००.००	५,००,०००.००	७,००,०००.००	५,००,०००.००	२०,००,०००.००
२०	इन्धन (कार्यालय प्रयोजन)	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२०००००	पटक	५,००,०००.००	५,००,०००.००	५,००,०००.००	५,००,०००.००	२०,००,०००.००

Scanned with CamScanner

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चितवन
कार्यालयको कोड : ८०३३१४०५३००

कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन

आ.व. : २०८२/८३

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	बिनियोजन				
							पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
२१	मेशीनरी औजार मर्मत	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०००००	पटक	३,००,०००.००	३,०८,०००.००	२,००,०००.००	२,००,०००.००	१०,००,०००.००
२२	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२२१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२०००००	पटक	३,००,०००.००	२,००,०००.००	२,००,०००.००	१,००,०००.००	८,००,०००.००
२३	चार पाग्रे सवारी मर्मत	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२९१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२०००००	पटक	३,००,०००.००	३,००,०००.००	२,००,०००.००	२,००,०००.००	१०,००,०००.००
२४	दुइ पाग्रे सवारी साधन मर्मत	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२९१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५००००	पटक	१,००,०००.००	१,००,०००.००	२,००,०००.००	१,००,०००.००	५,००,०००.००
२५	सरसफाइ सवारी टेक्टर मर्मत खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२९१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०००००	पटक	१,००,०००.००	१,००,०००.००	५०,०००.००	५०,०००.००	३,००,०००.००
२६	हेभी मेशीन मर्मत सम्भार खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२९१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०००००	गोटा	२०,०००.००	२,००,०००.००	०.००	२,८०,०००.००	५,००,०००.००
२७	मसलन्द तथा कार्यालय सामाग्री	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२५००००	पटक	६,००,०००.००	४,००,०००.००	१०,००,०००.००	१०,००,०००.००	३०,००,०००.००
२८	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५०००	पटक	०.००	०.००	०.००	२,००,०००.००	२,००,०००.००
२९	अन्य कार्यालय संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०००००	पटक	५,००,०००.००	५,००,०००.००	०.००	५,००,०००.००	१५,००,०००.००
३०	कर्मचारी स्वास्थ्य विमा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	३०००००	पटक	०.००	०.००	०.००	३,००,०००.००	३,००,०००.००
३१	सेवा र परामर्श खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२००००००	गोटा	०.००	०.००	०.००	२०,००,०००.००	२०,००,०००.००
३२	सेवा र परामर्श खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	आन्तरिक श्रोत - नगद	३०००००	पटक	०.००	०.००	०.००	३०,००,०००.००	३०,००,०००.००
३३	शुत्र सप्टवेयर थव व्यवस्थापन निरन्तरता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२०००००	पटक	२,००,०००.००	०.००	०.००	०.००	२,००,०००.००
३४	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५०००००	पटक	५,००,०००.००	०.००	०.००	०.००	५,००,०००.००
३५	करार कर्मचारि सेवा शुल्क	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१६०००००	पटक	४०,००,०००.००	४०,००,०००.००	४०,००,०००.००	४०,००,०००.००	१,६०,००,०००.००
३६	अन्य सेवा शुल्क	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५००००	पटक	१,००,०००.००	१,००,०००.००	१,००,०००.००	२,००,०००.००	५,००,०००.००
३७	अन्य फिर्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	१०००००	गोटा	०.००	०.००	०.००	३,००,०००.००	३,००,०००.००
३८	उधम विकास कार्यक्रम	उद्योग	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१०००००	पटक	०.००	०.००	२,००,०००.००	०.००	२,००,०००.००
३९	उधम विकास कार्यक्रम	उद्योग	२२५२२	नेपाल सरकार - समानिकरण अनुदान	१०००००	पटक	०.००	४,९०,०००.००	०.००	०.००	४,९०,०००.००
४०	उधम विकास कार्यक्रम	उद्योग	२२५२२	आन्तरिक श्रोत - नगद	१०००००	पटक	०.००	०.००	०.००	३,१०,०००.००	३,१०,०००.००
४१	कमिनचुली बहुउद्देश्यीय कृषि फर्म 12	कृषि	२२५२२	आन्तरिक श्रोत - नगद	१०००००	संख्या	१,००,०००.००	०.००	०.००	०.००	१,००,०००.००
४२	खेलकुद	युवा तथा खेलकुद	२२५२२	आन्तरिक श्रोत - नगद	२५०००	पटक	०.००	०.००	०.००	८,२८,१५१.००	८,२८,१५१.००

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चितवन
कार्यालयको कोड : ८०३३१४०५३००

कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन

आ.व. : २०८२/८३

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
							पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
४३	खेलकुद	युवा तथा खेलकुद	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२५०००	पटक	०.००	०.००	०.००	१६,७१,८४९.००	१६,७१,८४९.००
४४	गत आ.व.०८०/०८१ को भुक्तानी गर्न बांकी १५ औ नगर सभाको निर्यण अनुसार चालु	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२२	आन्तरिक श्रोत - नगद	१	गोटा	१,४२,७२,०००.००	०.००	०.००	०.००	१,४२,७२,०००.००
४५	गत आ.व.०८१/०८२ को दायित्व भुक्तानी गर्न १५ औ नगरसभाको निर्णय बमोजिम चालु	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२२	आन्तरिक श्रोत - नगद	४५७१४१७०	गोटा	४,५७,१४,१७०.००	०.००	०.००	०.००	४,५७,१४,१७०.००
४६	गारेघर बहुउद्देश्यीय कृषि फर्म 12	कृषि	२२५२२	आन्तरिक श्रोत - नगद	१५००००	संख्या	१,५०,०००.००	०.००	०.००	०.००	१,५०,०००.००
४७	चेपाङ बस्तीमा स्वास्थ्य तथा शिक्षा सम्बन्धि परियोजना संचालन गर्न एनसेल फाउण्डेशनको सहकार्यमा उदार स्वयसेवक आवद्ध सामाजिक संस्था नेपाललाई साझेदारी कार्यक्रम	शान्ति तथा सुव्यवस्था	२२५२२	आन्तरिक श्रोत - नगद	२०००००	गोटा	२,००,०००.००	०.००	०.००	०.००	२,००,०००.००
४८	चेपाङ संरक्षित क्षेत्रमा चेपाङ समुदायमा लक्षित कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	आन्तरिक श्रोत - नगद	४०००००	गोटा	०.००	०.००	४,००,०००.००	०.००	४,००,०००.००
४९	चेपाङ संरक्षित क्षेत्रमा चेपाङ स्वास्थ्य चेतना कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	आन्तरिक श्रोत - नगद	३०००००	गोटा	०.००	०.००	०.००	३,००,०००.००	३,००,०००.००
५०	चेपाङ सांस्कृतिक कार्यक्रम 13	भाषा तथा संस्कृति	२२५२२	आन्तरिक श्रोत - नगद	१०००००	संख्या	०.००	०.००	१,००,०००.००	०.००	१,००,०००.००
५१	जनजाती कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०००००	पटक	०.००	०.००	०.००	३,०९,४६०.००	३,०९,४६०.००
५२	जनजाती कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१०००००	पटक	०.००	०.००	०.००	६,९०,५४०.००	६,९०,५४०.००
५३	जनतासँग जनप्रतिनिधि ६	भाषा तथा संस्कृति	२२५२२	आन्तरिक श्रोत - नगद	१०००००	गोटा	०.००	०.००	०.००	१,००,०००.००	१,००,०००.००
५४	दुनाटपरि तालिम संचालन शिखर हरियाली सामुदायिक वन राप्ती ४	उद्योग	२२५२२	आन्तरिक श्रोत - नगद	२०००००	संख्या	२,००,०००.००	०.००	०.००	०.००	२,००,०००.००
५५	दम्तेस बहुउद्देश्यीय कृषि फर्म 12	कृषि	२२५२२	आन्तरिक श्रोत - नगद	१५००००	संख्या	१,५०,०००.००	०.००	०.००	०.००	१,५०,०००.००
५६	दलित कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५००००	पटक	०.००	०.००	०.००	१०,००,०००.००	१०,००,०००.००
५७	धमौरा स्कुल व्यवस्थापन ६	शिक्षा	२२५२२	आन्तरिक श्रोत - नगद	१०००००	गोटा	०.००	०.००	०.००	२,००,०००.००	२,००,०००.००
५८	नेपाल रेडक्रस सोसाइटी उपशाखा पिप्ले/भण्डारा	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	आन्तरिक श्रोत - नगद	१५००००	गोटा	१,५०,०००.००	०.००	०.००	१,५०,०००.००	३,००,०००.००
५९	न्यायिक तथा मेलमिलाप समिति सञ्चालन	कानुन तथा न्याय	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१५०००००	पटक	३,००,०००.००	०.००	०.००	०.००	३,००,०००.००
६०	न्यायिक तथा मेलमिलाप समिति सञ्चालन	कानुन तथा न्याय	२२५२२	आन्तरिक श्रोत - नगद	१५०००००	पटक	०.००	४,००,०००.००	४,००,०००.००	४,००,०००.००	१२,००,०००.००
६१	न्वागी कार्यक्रम 12	भाषा तथा संस्कृति	२२५२२	आन्तरिक श्रोत - नगद	१०००००	संख्या	१,००,०००.००	०.००	०.००	०.००	१,००,०००.००
६२	निः शुल्क स्वास्थ्य शिविर ४	स्वास्थ्य	२२५२२	आन्तरिक श्रोत - नगद	१०००००	गोटा	०.००	१,००,०००.००	०.००	०.००	१,००,०००.००
६३	भुमी सम्बन्धि कार्यक्रम	जनसंख्या तथा बसाईसराई	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	९०००००	पटक	०.००	०.००	०.००	१०,००,०००.००	१०,००,०००.००
६४	भुमी सम्बन्धि कार्यक्रम	जनसंख्या तथा बसाईसराई	२२५२२	आन्तरिक श्रोत - नगद	१०००००	पटक	०.००	०.००	०.००	४१,००,०००.००	४१,००,०००.००
६५	भुमी सम्बन्धि कार्यक्रम	जनसंख्या तथा बसाईसराई	२२५२२	नेपाल सरकार - समानिकरण अनुदान	१०००००	पटक	०.००	०.००	०.००	४९,००,०००.००	४९,००,०००.००
६६	मानव अधिकार तथा बन्दि न्यायिक सरोकार मञ्च राप्ती शाखा	मानब संशाधन विकास	२२५२२	आन्तरिक श्रोत - नगद	१०००००	संख्या	०.००	१,००,०००.००	०.००	०.००	१,००,०००.००
६७	मिश्रित कृषक समूह, राप्ती ६	कृषि	२२५२२	आन्तरिक श्रोत - नगद	१५००००	गोटा	०.००	०.००	०.००	१,५०,०००.००	१,५०,०००.००
६८	मौरी प्रर्वद्धन नवबुद्ध कृषि राप्ती-१२	कृषि	२२५२२	आन्तरिक श्रोत - नगद	५०००००	गोटा	०.००	५,००,०००.००	०.००	०.००	५,००,०००.००

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चितवन
कार्यालयको कोड : ८०३३१४०५३००

कार्यक्रम / परियोजना अनुसार बजेट विनियोजन

राप्ती नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भण्डारा, चितवन, बागमती प्रदेश, नेपाल २०७३

आ.व. : २०८२/८३

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
							पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
६९	मौरी प्रर्वद्धन राप्ती-१२ प्रिन्स कृषि	कृषि	२२५२२	आन्तरिक श्रोत - नगद	५००००	गोटा	०.००	५,००,०००.००	०.००	०.००	५,००,०००.००
७०	मौरी प्रर्वधन कार्यक्रम राप्ती-११	कृषि	२२५२२	आन्तरिक श्रोत - नगद	१००००००	गोटा	०.००	०.००	०.००	१०,००,०००.००	१०,००,०००.००
७१	युवा व्यावसायिक तथा सिप विकास तालिम ४	उद्योग	२२५२२	आन्तरिक श्रोत - नगद	१०००००	गोटा	०.००	३,००,०००.००	०.००	०.००	३,००,०००.००
७२	राजश्व असुली प्रोत्साहन तथा व्यवस्थापन	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	१०००००	गोटा	०.००	०.००	०.००	२,००,०००.००	२,००,०००.००
७३	राजश्व असुली प्रोत्साहन तथा व्यवस्थापन	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०००००	गोटा	०.००	०.००	०.००	१,००,०००.००	१,००,०००.००
